# फाल्गुनन्द गाउँपालिका
## गाउँ सभा

बैठक संख्या -१

२०८१ को बर्खे गाउँसभा

सभा मिति:२०८१/०३/०९ गते

नेपालको संविधानको धारा २२१ मा गाउँपालिकाको व्यवस्थापकीय अधिकार गाउँसभामा निहित रहने धारा २२४ मा गाउँकार्यपालिका अध्यक्ष भई काम कार्य सम्पादन गर्ने व्यवस्था भएकोले श्री बृज हाङ आङदेम्बेको अध्यक्षतामा गाउँ/नगर कार्यविधी ऐन, २०७५ को दफा ३ को उपदफा ४ बमोजिम तपशिलको उपस्थितिमा गाउँसभा बसी देहायको प्रस्तावहरु पारित गरियो ।

तपशिल:

| क्र.स | पदाधिकारीहरुको नामावलि | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | बृज हाङ आङदेम्बे | अध्यक्ष | |
| २ | ठाकुर सिं नेम्बाङ | उपाध्यक्ष | |
| ३ | होम प्रसाद आङदेम्बे | सदस्य | |
| ४ | सन्तोष कुमार नेम्बाङ | सदस्य | |
| ५ | सुख वीर नेम्बाङ | सदस्य | |
| ६ | दल बहादुर नेम्बाङ | सदस्य | |
| ७ | बिष्णु कुमार चेम्जोङ | सदस्य | |
| ८ | नारायण प्रसाद आङदेम्बे | सदस्य | |
| ९ | देउ कुमार आङदेम्बे | सदस्य | |
| १० | रामराज आङदेम्बे | सदस्य | |
| ११ | धन कुमारी रोक्का | सदस्य | धन कुमारी |
| १२ | दुर्गा प्रसाद चापागाई | सदस्य | |
| १३ | सागर नेम्बाङ | सदस्य | |

| | | | |
|---|---|---|---|
| १४ | रोजनी नेम्बाङ | सदस्य | |
| १५ | गीता विश्वकर्मा | सदस्य | |
| १६ | बीर बहादुर नेम्बाङ | सदस्य | |
| १७ | धन कुमार तामाङ | सदस्य | |
| १८ | बिमला लिम्बू | सदस्य | |
| १९ | देबी माया दमाई | सदस्य | |
| २० | पूर्ण कुमार नेम्बाङ | सदस्य | |
| २१ | भक्ति राज नेम्बाङ | सदस्य | |
| २२ | गंगा थेवे | सदस्य | |
| २३ | सरिता विश्वकर्मा | सदस्य | |
| २४ | अर्जुन चेम्जोङ | सदस्य | |
| २५ | धनेन्द्र चेम्जोङ | सदस्य | |
| २६ | सोनाली कुरुम्बाङ आङदेम्बे | सदस्य | |
| २७ | नविना विश्वकर्मा | सदस्य | |
| २८ | दिपेन्द्र पाखीन | सदस्य | |
| २९ | बीर बहादुर कुरुम्बाङ | सदस्य | |
| ३० | आईत माया लिम्बू | सदस्य | |
| ३१ | नर माया विश्वकर्मा | सदस्य | |
| ३२ | मचिन्द्र आङदेम्बे | सदस्य | |
| ३३ | छविनेन्द्र आङदेम्बे | सदस्य | |
| ३४ | टंक परियार | सदस्य | |
| ३५ | जसिमाया कमिनी | सदस्य | |
| ३६ | कमला पराजुली | सदस्य | |
| ३७ | हर्क माया नेपाली | सदस्य | |
| ३८ | दिल कुमार आङदेम्बे | सदस्य | |
| ३९ | लिसिङ नेम्बाङ | सदस्य | |
| ४० | निर्मल तुम्रोक | सदस्य सचिव | |

# फाल्गुनन्द गाउँपालिका
## गाउँ सभा

बैठक संख्या -२

२०८१ को बर्खे गाउँसभा

सभा मितिः२०८१/०३/१० गते

नेपालको संविधानको धारा २२१ मा गाउँपालिकाको व्यवस्थापकीय अधिकार गाउँसभामा निहित रहने धारा २२४ मा गाउँकार्यपालिका अध्यक्ष भई काम कार्य सम्पादन गर्ने व्यवस्था भएकोले श्री बृज हाङ आङदेम्बेको अध्यक्षतामा गाउँ/नगर कार्यविधी ऐन, २०७५ को दफा ३ को उपदफा ४ बमोजिम तपशिलको उपस्थितिमा गाउँसभा बसी देहायको प्रस्तावहरु पारित गरियो ।

तपशिलः

| क.स | पदाधिकारीहरुको नामावलि | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | बृज हाङ आङदेम्बे | अध्यक्ष | |
| २ | ठाकुर सिं नेम्वाङ | उपाध्यक्ष | |
| ३ | होम प्रसाद आङदेम्बे | सदस्य | |
| ४ | सन्तोष कुमार नेम्बाङ | सदस्य | |
| ५ | सुख वीर नेम्बाङ | सदस्य | |
| ६ | दल बहादुर नेम्बाङ | सदस्य | |
| ७ | बिष्णु कुमार चेम्जोङ | सदस्य | |
| ८ | नारायण प्रसाद आङदेम्बे | सदस्य | |
| ९ | देउ कुमार आङदेम्बे | सदस्य | |
| १० | रामराज आङदेम्बे | सदस्य | |
| ११ | धन कुमारी रोक्का | सदस्य | धन कुमारी |
| १२ | दुर्गा प्रसाद चापागाई | सदस्य | |
| १३ | सागर नेम्बाङ | सदस्य | |

फाल्गुनन्द गाउँपालिका गाउँसभाको १६ औं अअधिवेशन

बैठक संख्या:१

सभा सञ्चालन मितिः २०८१/०३/०९

निर्णय नं.१

फाल्गुनन्द गाउँपालिकाका उपाध्यक्ष एवं बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक श्री ठाकुर सिं नेम्वाङलाई "फाल्गुनन्द गाउँपालिकाको आर्थिक ऐन, २०८० लाई संशोधन गर्ने विधेयक, २०८१" गाउँ सभा र नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा ३२ (१) बमोजिम प्रस्ताव पेश गर्न समय दिइएकोमा तत्काल उपस्थित सभाका सदस्यहरुबाट दफावार छलफल भई सभाध्यक्षबाट ऐनको दफा ५२ बमोजिम बमोजिम "हुन्छ" वा "हुन्न" उच्चारण गर्नु हुन भनी ध्वनी मतबाट निर्णयार्थ मत लिंदा "हुन्छ" भन्ने मत सत प्रतिशत भएको देखिएको र हुन्न भन्ने ध्वनी मत नदेखिएको हुँदा गाउँ सभा र नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा ५२ (२) बमोजिम सर्वसम्मत रुपमा पारित गर्ने निर्णय गरियो ।

## फाल्गुनन्द गाउँपालिका गाउँसभाको १६ औं अधिवेशन

बैठक संख्याः२

सभा सञ्चालन मितिः २०८१/०३/१०

**निर्णय नं.१.**

फाल्गुनन्द गाउँपालिकाका अध्यक्ष एवं सभाध्यक्ष श्री बृज हाङ आङदेम्बेले आ.व. २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रमलाई गाउँ सभा तथा नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा ३२ (१) बमोजिम पेश भएकोमा तत्काल उपस्थित सभाका सदस्यहरुबाट दफावार छलफल भई ऐनको दफा ५२ बमोजिम "हुन्छ" वा "हुन्न" उच्चारण गर्नु हुन भनी ध्वनी मतबाट निर्णयार्थ मत लिंदा "हुन्छ" भन्ने मत सत प्रतिशत भएको देखिएको र हुन्न भन्ने ध्वनी मत नदेखिएको हुँदा गाउँ सभा र नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा ५२ (२) बमोजिम सर्वसम्मत रुपमा पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.२.**

फाल्गुनन्द गाउँपालिकाका उपाध्यक्ष एवं विधायन समितिका संयोजक श्री ठाकुर सिं नेम्बाङलाई "फाल्गुनन्द प्रज्ञा प्रतिष्ठान विधेयक, २०८१" गाउँ सभा र नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा ३२ (१) बमोजिम प्रस्ताव पेश गर्न समय दिइएकोमा तत्काल उपस्थित सभाका सदस्यहरुबाट दफावार छलफल भई विधायन समितिको निर्णय सहित सिफारिस हुन आएको विधेयक सभाध्यक्षबाट ऐनको दफा ५२ बमोजिम बमोजिम "हुन्छ" वा "हुन्न" उच्चारण गर्नु हुन भनी ध्वनी मतबाट निर्णयार्थ मत लिंदा "हुन्छ" भन्ने मत सत प्रतिशत भएको देखिएको र हुन्न भन्ने ध्वनी मत नदेखिएको हुँदा गाउँ सभा र नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा ५२ (२) बमोजिम सर्वसम्मत रुपमा पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.३**

फाल्गुनन्द गाउँपालिकाका उपाध्यक्ष एवं बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक श्री ठाकुर सिं नेम्बाङलाई "फाल्गुनन्द गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ को वार्षिक बजेट तथा कार्यक्रम" गाउँ सभा र नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा ३२ (१) बमोजिम प्रस्ताव पेश गर्न समय दिइएकोमा तत्काल उपस्थित सभाका सदस्यहरुबाट दफावार छलफल भई सभाध्यक्षबाट ऐनको दफा ५२ बमोजिम बमोजिम "हुन्छ" वा "हुन्न" उच्चारण गर्नु हुन भनी ध्वनी मतबाट निर्णयार्थ मत लिंदा "हुन्छ" भन्ने मत सत प्रतिशत भएको देखिएको र हुन्न भन्ने ध्वनी मत नदेखिएको हुँदा गाउँ सभा र नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा ५२ (२) बमोजिम सर्वसम्मत रुपमा पारित गर्ने निर्णय गरियो ।

निर्णय नं.४

फाल्गुनन्द गाउँपालिकाका उपाध्यक्ष एवं बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक श्री ठाकुर सिं नेम्वाङलाई "फाल्गुनन्द गाउँपालिकाको विनियोजना विधेयक, २०८१" गाउँ सभा र नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा ३२ (१) बमोजिम प्रस्ताव पेश गर्न समय दिइएकोमा तत्काल उपस्थित सभाका सदस्यहरुबाट दफाबार छलफल भई सभाध्यक्षबाट ऐनको दफा ५२ बमोजिम बमोजिम "हुन्छ" वा "हुन्न" उच्चारण गर्नु हुन भनी ध्वनी मतबाट निर्णयार्थ मत लिंदा "हुन्छ" भन्ने मत सत प्रतिशत भएको देखिएको र हुन्न भन्ने ध्वनी मत नदेखिएको हुँदा गाउँ सभा र नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा ५२ (२) बमोजिम सर्वसम्मत रुपमा पारित गर्ने निर्णय गरियो ।

निर्णय नं.५.

फाल्गुनन्द गाउँपालिकाका उपाध्यक्ष एवं बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक श्री ठाकुर सिं नेम्वाङलाई "फाल्गुनन्द गाउँपालिकाको आर्थिक विधेयक, २०८१" गाउँ सभा र नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा ३२ (१) बमोजिम प्रस्ताव पेश गर्न समय दिइएकोमा तत्काल उपस्थित सभाका सदस्यहरुबाट दफाबार छलफल भई सभाध्यक्षबाट ऐनको दफा ५२ बमोजिम बमोजिम "हुन्छ" वा "हुन्न" उच्चारण गर्नु हुन भनी ध्वनी मतबाट निर्णयार्थ मत लिंदा "हुन्छ" भन्ने मत सत प्रतिशत भएको देखिएको र हुन्न भन्ने ध्वनी मत नदेखिएको हुँदा गाउँ सभा र नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा ५२ (२) बमोजिम सर्वसम्मत रुपमा पारित गर्ने निर्णय गरियो ।

निर्णय नं.६.

गाउँपालिकामा कार्यारत प्राविधिक कर्मचारीले खाइपाई आएको फिल्ड भत्ता यथावक कायम राख्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

निर्णय नं.७.

गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुमा कार्यारत वाल शिक्षिका तथा विद्यालय कर्मचारीहरुको तलवमान नेपाल सरकाले तोके बमोजिम न्यूनतम रु १५ हजारलाई कायम राख्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

निर्णय नं.८.

फाल्गुनन्द गाउँपालिकाका विभिन्न सामुदायिक विद्यालयहरुमा नियुक्त भइ अध्यापन गरिरहेका मातृभाषा शिक्षक तथा आगामी दिनमा गरिने नयाँ नियुक्त मातृभाषा शिक्षकहरुको तलवमानलाई गत आ.व. कै निरन्तरता दिने निर्णय गरियो ।

निर्णय नं.९.

गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुमा पठनपाठनलाई व्यवस्थित गर्न तथा आधारभूत तहलाई अंग्रेजी माध्यमबाट सञ्चालन गर्न प्रोत्साहन गर्नका लागि तोकिएका विद्यालयहरुलाई अंग्रेजी माध्यमबाट पठनपाठन गर्न उपलब्ध गर्दै आइरहेको शैक्षिक सहायतालाई निरन्तरता दिने तर उक्त विद्यालयहरुले बालशिक्षा सकिए पछि थप १ वर्ष KG (Kinder Garden) Class अनिवार्य सञ्चालन गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

निर्णय नं.१०.

गाउँपालिका, प्रदेश तथा संघिय सरकारबाट रु १५ लाख सम्म विनियोजित बजेटमा सरोकारवाला समुदाय तथा समितिहरु समेटेर उपभोक्ता समिति गठन मार्फत काम गर्ने निर्णय गरियो । त्यसरी उपभोक्ता समिति मार्फत गरिने काममा नयाँ सडक निर्माण तथा स्तरोन्नति, गोरेटो बाटो निर्माण तथा मर्मत, खेलमैदान निर्माण आदिमा उपभोक्ता समितले व्यहोर्नु पर्ने जनश्रमदानको हिस्सा १५ प्रतिशत र भवन निर्माण, खानेपानी, वाल निर्माण लगायतका निर्माण कार्यमा उपभोक्ता समितले व्यहोर्नु पर्ने जनश्रमदानको हिस्सा १० प्रतिशत कायम गर्ने निंर्णय सर्वसम्मत रुपमा परित गरियो ।

निर्णय नं.११.

आर्थिक वर्षको अन्तसँगै कार्यसम्पादनको चापलाई ध्यान दिदै तोकिएको समय भित्र कार्य सम्पन्न गर्न कार्यालय समय भन्दा बढी काम गर्ने कर्मचारीहरुलाई कार्यसम्पादन प्रतिवेदनको आधारमा प्रमुख प्रशासकीय अधिकृत, आर्थिक शाखा प्रमुख र योजना शाखा प्रमुख लगायत कर्मचारीहरुलाई प्रोत्साहन भत्ता अन्तिम ६ महिनाको लागि मासिक ४० प्रतिशतले हुन आउने रकम उपलब्ध गराउने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

निर्णय नं.१२.

गाउँपालिकाका कर्मचारीह्ररुलाई प्रदान गर्दै आइरहेको खाजा खर्चलाई निरन्तरता दिन आगामी आ.व. २०८१/८२ को बजेटमा दैनिक रु १०० रुपैयाँ उपलब्ध गराउन आवश्यक बजेट विनियोजन गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

निर्णय नं.१३.

संघ र प्रदेश सरकारको साझेदारीमा आ.व. २०८१/८२ मा गाउँपालिका भित्र सञ्चालन हुने योजनाहरुमा गाउँपालिकाले व्यहोर्नु पर्ने हिस्साको लागि आवश्यक बजेट समपुरक कोष अन्तर्गत विनियोजन गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

निर्णय नं.१४.

फाल्गुनन्द गाउँपालिका भित्र आ.व. २०८१/८२ मा सञ्चालन हुने साना सिंचाई आयोजनाको लागि गाउँपालिकाले व्यहोर्नु पर्ने २० प्रतिशत हिस्साले हुन आउने आवश्यक रकम रु १ करोड २० लाख समपुरक कोष मार्फत विनियोजन गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

निर्णय नं.१५.

गाउँपालिकामा कार्यरत कृषि प्राविधिकहरुको ६ महिनाको तलव भत्ता, एम आइ एस र फिल्ड सहायक र सूचना प्रविधि अधिकृतको एक चौमासिकको तलव भत्ता स्थानीय तहले व्यहोर्नु पर्ने भनि सम्वन्धित मन्त्रालयवाट परिपत्र भए अनुसार उक्त अवधिको हुन आउने कुल तलव भत्ता आगामी आ.व. २०८१/८२ मा व्यहोर्ने गरि आवश्यक बजेट विनियोजन गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

निर्णय नं.१६.

आ.व. २०८१/८२ मा सञ्चालन गरिने बहु क्षेत्रिय पोषण कार्यक्रमलाई निरन्तरता दिन गाउँपालिको तर्फवाट समेत बजेट साझेदारी गरी कार्यक्रमलाई निरन्तरता दिने निर्णय सर्वसम्मत रुपमा परित गरियो ।

निर्णय नं.१७.

गाउँपालिका भित्र रहेका झोलुङ्गे पुलहरुको रेखदेख तथा संरक्षण गर्नका लागि राखिएका हेरालुहरुको तलव भत्ताको लागि रु २ लाख ५० हजार विनियोजन गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

निर्णय नं.१८.

गाउँपालिकावाट बजेट विनियोजन भएको तर विविध कारण वस सम्पन्न गर्न नसकिएका पुजिंगत तथा चालु प्रकृतिका कार्यक्रमहरुलाई आगामी आ.व. २०८१/८२ मा निरन्तरता दिने निर्णय सर्वसम्मत रुपले पारित गरियो ।

निर्णय नं.१९.

गाउँपालिकावाट हुने गरेका कर योग्य वस्तुहरु निकासी गर्ने निर्यात कर्ता तथा गाउँसभावाट निर्णय भइ वडा कार्यालयवाट संकल हुने कर तथा दस्तुर बाहेक कार्यान्वयन हुन बाकी रहेका कर उठाई गाउँपालिकाको आन्तरिक आम्दानी बढाउन गाउँपालिकाको निकासी शूल्क र बालुवा ढुंगा गिट्टी निकासीको लागि आ.व. २०८१/८२ को लागि सार्वजानिक खरिद प्रकृया अनुसार ठेक्का आव्हान गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

निर्णय नं.२०.

आकस्मिक कोष मार्फत उपचार खर्च प्राप्त गर्दै आइरहेका नागरिकहरुलाई स्वास्थ्य विमा कार्यक्रममा समावेश गर्ने उद्देश्यले त्यस्ता विरामीहरुलाई दिइने सहयोगबाट स्वास्थ्य विमा कार्यक्रमका लागि आवश्यक न्यूनतम रु. ३५०० सोही रकमबाट कट्टा गरी स्वास्थ्य विमा गरिदिने गरी व्यवस्था गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

निर्णय नं.२१.

आयुर्वेद तथा स्वास्थ्य तर्फका राष्ट्रिय महिला स्वयं सेविकाहरुलाई काममा जागरुक बनाउन वार्षिक रुपमा प्रदान गर्दै आइरहेको प्रोत्साहन भत्तालाई निरन्तरता प्रदान गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

निर्णय नं.२२.

आधारभूत तह कक्षा ८ को परिक्षालाई गाउँपालिका स्तरीय रुपमा सञ्चालन गर्न र तोकिएको स्टाण्डर्ड कायम गर्न परिक्षा तयारी तथा व्यवस्थापनको लागि रु. ७ लाख ५० विनियोजन गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

निर्णय नं.२३.

गाउँपालिकाको लेखा समितिको वार्षिक प्रतिवेदन उपर छलफल भयो । छलफलमा पेश हुन आएका हालसम्म गाउँपालिकाको देहाय बमोजिमको वेरुजुहरु तिनको प्रकृतिका आधारमा देहाय बमोजिम सम्परिक्षणको लागि श्री महालेखा परिक्षकको कार्यालयमा लेखि पठाउने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।